सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा
फोनः ०९६-५९०९२९

प.स. ०८३/८४
च.नं.


उत्पादक संस्था (POs) संग सह-लगानीमा उच्च मूल्य कृषिवस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०७/१३ गते)

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), कार्यक्रम व्यवस्थापन कार्यालय, डडेल्धुराको R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आ.व. २०८३/०८४ को स्वीकृत बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological High Value Commodity) उत्पादन र साना कृषि सिँचाई पूर्वाधार (Small scale irrigation) कार्यक्रममा सह-लगानी गर्न चाहने कृषिसंग सम्बन्धित इच्छुक कृषक समूह/सहकारी/संस्थालाई अनुसूचि-१.१ अनुसारको निवेदन पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकमार्फत पेश गर्न हुन अनुरोध छ ।

जिल्ला	क्र.सं.	पालिका नाम	वडाहरु	सह-लगानीमा प्रवर्द्धन हुने उच्च मूल्य कृषिवस्तुहरु
अछाम	१	ढाकारी गाँउपालिका	१, ३, ६	टिमुर, सुन्तलाजात फलफूल, फापर
				बाख्रापालन,
	२	तुर्माखाँद गाँउपालिका	६, ७, ८	टिमुर, सुन्तलाजात फलफुल , बाख्रा पालन
	३	कमलबजार नगरपालिका	७, ८, ९, १०	फलफूल , बाख्रापालन, अदुवा बेसार
				टिमुर खेती
	४	मेल्लेख गाँउपालिका	४, ५, ७	कोदो, अदुवा/बेसार, गाइ/भैसी, भटमास, आलु
बैतडी	५	पुर्चौडी नगरपालिका	४, ६, ७	बाख्रापालन,कोदो, स्याउ, ओखर
				आलु, सिमि,
	६	सिगास गाँउपालिका	१, २, ३	आलु, तरकारी, भटमास, लसुन
				अदुवा बेसार, सुन्तलाजात फलफूल, मौरीपालन
बझाङ	७	वित्थडचिर गाँउपालिका	१, २, ३	स्याउ, ओखर, तरकारी, सिमी, कुखुरापालन (स्थानिय), टिमुर, अदुवा/बेसार
	८	बुंगल नगरपालिका	१, २, ३, ४	सिमी, टिमुर खेती, आलु, कोदो, स्याउ, ओखर अदुवा/ बेसार
	९	छबिसपाथिभेरा गाँउपालिका	५, ६, ७	सिमी, लसुन, टिमुर, कोदो/ जौ, पारापुलो धान, लसुन, कोदो
	१०	दुर्गाथली गाँउपालिका	५, ६, ७	पारापुलो धान, कोदो, भेडा/बाख्रा , जौ, आलु, सिमि
	११	केदारस्युँ गाँउपालिका	१, ४, ९	दलहन , मौरीपालन, मसला वाली टिमुर, रैथाने वाली

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
फोनः ०९६-५९०९२९
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा



प.स. ०८३/८४

च.नं.

	१२	थलारा गाँउपालिका	६, ७, ८	हंसराज वास्मती धान, तरकारी, दलहन, बाखापालन, दुग्ध उत्पादन, मसला बाली, मौरीपालन, टिमुर,
डडेल्धुरा	१३	अजयमेरु गाँउपालिका	४, ५, ६	भटमास, बाखापालन, फलफूल खेती, तरकारी खेती , रैथाने बाली
	१४	नवदुर्गा गाँउपालिका	१, २, ३	बाखा पालन, तरकारी, आलु, कोदो, दलहन
डोटी	१५	बडिकेदार गाँउपालिका	३, ४, ५	सुन्तला, अदुवा, बाखा पालन
	१६	जोरायल गाँउपालिका	३, ४, ६	जोरायली वासमती, अदुवा/ बेसार बाखा पालन, सुन्तला
	१७	बोगटान फूडसिल गाँउपालिका	१, ४, ५	अदुवा, बेसार, कोदो, भटमास, बाखापालन

नोटः पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बालीहरु, फलफूलको हकमा फिलर बिरुवा र कभर बिरुवा, मौरी लगायत परागसेचकहरु, वानस्पतिक विषादीजन्य बिरुवा, औषधीजन्य तथा सुगन्धित वनस्पती (टिमुर, रिष्ठा, दालचिनि र बोधिचित्त पर्यावरण मैत्री नवीनतम फलफूल र बायोफेन्सिंग सम्बन्धी क्रियाकलाप संचालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर फोनः ०९६-५९०९२९ वा ९८५१४०६४८४ वा ९८५१४०६४८५ वा ९८४८७०८८११ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

निवेदन साथ पेश गर्नपर्ने आवश्यक कागजातहरु

१. समूह / सहकारी / संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता, सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदन को प्रतिलिपि।

निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरु

१. सम्भव भएसम्म सम्पूर्ण निवेदनहरु पालिकामा पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकमार्फत संकलन गर्नु पर्नेछ.
२. निवेदन पेश गर्न कुनै राजश्व तिर्नु पर्ने छैन।
३. चालु आर्थिक वर्ष २०८३/०८४ को अवधिभर निवेदन पेश गरिनेछ ।
४. एउटा समुदाय/टोल/कलष्टर/गाँउ (Cluster/Village Based Approach) बाट कम्तिमा १०० घरधुरी (प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी तथा चारवटा कृषक समूह) ले एकै प्रकारको कृषिजन्य बस्तु उत्पादन गर्ने पकेट क्षेत्र वा सो भन्दा कम समूह/कृषक भएको हकमा एकमुष्ट रुपमा कम्तिमा १०० घरघुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा १२५ घर धुरी र प्रति घरघुरी कम्तिमा औसत १.५ रोपनी को व्यवसायिक योजना सहित हुनुपर्नेछ।
५. HVAP आयोजनाबाट लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन र उक्त समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मुल्यांकन गरि छनौट गर्न सकिनेछ ।

सुदूरपांश्चेम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा
फोनः ०९६-५९०९२९

प.स. ०८३/८४

च.नं.

६. एकीकृत कृषि खेति (कृषि, पशुपन्छी तथा बाली विविधता) भएको, विषादी प्रयोग नहुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

७. सम्बन्धित बडास्तर कृषक समुदाय केन्द्रित छलफल (FGD)) र अगुवा कृषक/मुख्य सरोकारवाला सर्वेक्षणबाट पहिचान भएका प्राथमिकता प्राप्त बालीबस्तु सहित कार्यपालिका स्तरीय निर्णय वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika-Agroecological Plan/PAP) स्वीकृत पश्चात निवेदनहरुको प्राविधिक मूल्याङ्कन गरि छनौट गरिनेछ। हावापानी, भौगोलिक तथा व्यावसायिक रुपमा उपयुक्त निवेदकहरुलाई छनौट प्रक्रियामा लगिनेछ। अत्याधिक रासायनिक विषादी प्रयोग हुने गाउँ/टोलमा कार्यक्रम संचालन गरिने छैन ।

८. निवेदन फर्मेटको ढाँचा अनुसूची-१.१ कार्यालयको वेबसाइट https://pmorhvap.sudurpashchim.gov.np/ मा राखिएको छ।

सह-लगानी सिमा

१. बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम सह-लगानी कुल लागतको बढीमा ५०% (पचास प्रतिशत) हुनेछ।

२. कृषि सिंचाई पूर्वाधार सह-लगानी कार्यालयको तर्फबाट अधिकतम ८५% (पचासी प्रतिशत) हुनेछ र सूचनामा उल्लेखित कृषिजन्य बस्तु उत्पादन नहुने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिने छैन।

गंगा दत्त अवस्थी